पूर्वखोला गाउँपालिका कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

## कार्यपालिका बैठक संख्या - २०३औं बैठक

आज मिति २०८३।०५।०४ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

### उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

१) सूचना ज्ञवाली सूचना प्रविधि अधिकृत

२) शान्ति आचार्य कार्यालय सहयोगी

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**बैठकका एजेन्डा:**

१) अघिल्लो २०२औं बैठकको समिक्षा सम्बन्धमा,
२) साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा,
३) खेलकुद सामाग्री वितरण सम्बन्धमा,
४) औषधी खरिद सम्बन्धमा,
५) IEE सम्बन्धमा,
६) लाम्दी खोला ट्रस पुल लाईखोला सम्बन्धमा,
७) क) सिफारिस सम्बन्धमा,
ख) अध्ययन अनुसन्धान अनुमति सम्बन्धमा,
ग) आर्थिक सहयोग सम्बन्धमा,
घ) राहत सम्बन्धमा,
८) सहमती सम्बन्धमा

**निर्णयहरु:**

१) निर्णय १: अघिल्लो २०२औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो ।

२) निर्णय २: पूर्वखोला गाउँपालिकाको साझेदारी कार्यक्रम कार्यान्वयन गर्नको लागि यथाशिघ्र बिस्तृत कार्यक्रम कार्यान्वयन योजना (DIP) समेटिएको कार्यविधि निर्माण तथा स्वीकृत गरी कार्यान्वयनमा लैजाने सर्वसम्मत निर्णय गरियो । साथै कार्यविधि निर्माण गरी आउँदो कार्यपालिका बैठकमा पेश गर्न विद्येयक समितिलाई जिम्मा दिने समेत सर्वसम्मत निर्णय गरियो ।

३) निर्णय ३: गाउँपालिकाले खरिद गरेको खेलकुद सामाग्री वडा अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही स्थानीय समूहहरुलाई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

४) निर्णय ४ : गाउँपालिका तर्फबाट विनियोजन गरिएको औषधी नसर्ने रोगहरुको औषधि जस्तै मधुमेह, उच्च रक्तचाप आदिको औषधि कोटेसन विधिबाट खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) निर्णय ५: गाउँपालिका भित्र रहेको रेचे घाट, पूर्वखोला र रुकुन खोलाको IEE गराउने सर्वसम्मत निर्णय गरियो ।

६) निर्णय ६: लाईखोला ट्रसपुल र लाम्दीखोला झोलुङ्गेपुलको काम अगाडी बढाउनका लागि गाउँपालिकालाई सशर्त कार्यक्रम मार्फत प्राप्त १५ लाखबाट नियमानुसार साभान खरीद प्रकिया तत्काल अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

सञ्जु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

७) निर्णय ७:

क) पूर्वखोला-५ विरकोट निवासी अशोक विश्वकर्माले दिएको निवेदन उपर कार्यवाही गर्दा नियमानुसार हुनेगरी निजलाई विपद् प्रभावित निजी आवास पुनर्निर्माण अनुदान कार्यक्रममा लाभग्राही कायम गर्न जिल्ला प्रशासन कार्यालय पाल्पालाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) पूर्वखोला-३ सिमल माथी बस्ने गुनाखर भट्टराईको नाती धातानन्द भट्टराईको छोरा विधान भट्टराईले हाल लमजुङ जिल्ला स्थित लमजुङ क्याम्पसमा कृषि धार तर्फको स्नातक तहमा अध्ययनरत भएको र अध्ययनको क्रममा अनुसन्धान गरी प्रतिवेदन पेश गर्नुपर्ने भएकोले मिति २०२६ अगस्त देखि २०२७ जनवरीसम्म जम्मा ६ महिनाको अवधि सम्म गाउँपालिकाका बिभिन्न स्थानहरुमा अदुवा उत्पादन र यसले जनजीवनमा ल्याएको परिवर्तन विषयमा अध्ययन अनुसन्धान गर्न अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) पूर्वखोला-३ स्थित श्री उद्बुद्ध माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत पुष्पा ठाडा र कक्षा ८ मा अध्ययनरत मिना ठाडाको बुबा बुद्ध सिं ठाडा र आमा पोवीसरा ठाडा दुवै अपाङ्ग भएको तथा घरको आर्थिक अवस्था समेत अत्यन्त कमजोर भएकोले अध्ययनलाई निरन्तरता दिन कठिनाई भएको हुँदा निजहरुलाई क्रमश:रु.१०,०००/- (अक्षेरुपी दस हजार मात्र) र रु.८,०००/- (अक्षेरुपी आठ हजार मात्र) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) गाउँपालिका भित्र बसोबास गर्ने तपसिलका ब्यक्ति तथा संस्थाले यस कार्यालयमा दिएको निवेदनमा छलफल गर्दा तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

| क्र.स. | ब्यक्ति/ संस्थाको नाम थर | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम | क्र.स. |
|---|---|---|---|---|---|
| १ | प्रेम बहादुर थापा | पूर्वखोला-५ | ३२ एम.एम. को ९०० मिटर | ३२ एम.एम. को ४०० मिटर | |

निर्णय ८: पूर्वखोला-६ हेक्लाङ्गमा रहेको श्री जनप्रिय माध्यमिक विद्यालयमा कार्यरत् स्थायी शिक्षक श्री लक्ष्मण बस्याल अनिवार्य अवकासमा गएकाले स्थायी पदपूर्ति नहुञ्जेल सम्मका लागि रिक्त रहेको उक्त पदमा समान तह र विषय को शिक्षक करारमा पदपूर्ति गर्नका लागि उक्त विद्यालयलाई सहमती दिने सर्वसम्मत निर्णय गरियो ।

नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष